# ई पि एस अन्तर्गत गणतन्त्र  कोरियामा रोजगारका लागी पुरा गर्नु पर्ने प्रकृयाहरु

## 1. पृष्ठभूमिः

विदेशी कामदारहरुको हक हित र सुविधा कानूनवाटै व्यवस्थीत गरिएको र यस्को उल्लंघन भएमा प्रभावकारी उपचारको व्यवस्था भएको ,न्यूनतम लागतमा  आकर्षक पारिश्रमिक एवं पारदर्शि र स्वच्छ प्रणाली भएका कारणले दक्षिण कोरीया आकर्षक रोजगार गन्तव्यकोरुपमा लोकप्रिय वन्दै  गएको हो ।  यस सन्दर्भमा रोजगार अनुमति प्रणाली सम्बन्धी जिज्ञासू सम्पूर्ण व्यक्तिहरुलाई यस सम्बन्धी प्रकृयागत विषयहरुमा सूसूचित गर्दै यस प्रणालीको पारदर्शिता अभिवृद्धि गर्न सहयोग पुरयाउने उद्देश्यले यो पुस्तिका तयार गरिएको हो ।

## 2. के हो रोजगार अनुमति प्रणाली

रोजगार अनुमति प्रणाली भनेको कोरियन कामदार नपाएका कोरियाका साना तथा मझौदा कम्पनीहरुलाई कानुनीरुपमा विदेशी कामदार प्रयोग गर्न दिने प्रणाली हो ।कोरियाले सन् १९९३ देखि लागु गरेको  प्रशिक्षार्थि कामदार प्रणालीमा देखिएका कमी कमजोरी हटाई विदेशी कामदारहरुको आधारभूत मानव अधिकार सुदृढ गर्दै उनिहरुमाथि गरिने भेदभावपुर्ण व्यवहार अन्त गर्न कानूनी व्यवस्था गरी यो प्रणाली अवलम्वन गरिएको हो। सरकारी क्षेत्रवाट नै नियन्त्रण र नियमनको व्यवस्था गरिएकोले यो प्रणाली गैह्रकानूनी दलालहरुवाट हुने अनियमितता र हस्तक्षेपवाट  मुक्त छ ।

## 3. रोजगारी अनुमति प्रणाली  कार्यान्वयन प्रकृया

१  कोरियन भाषा परिक्षा दरखास्त दर्ता (EPS TOPIK )सञ्चालन सम्बन्धी व्यवस्था

कोरियन भाषा परिक्षा उत्तिर्ण व्यक्तिहरुले मात्र कोरियामा रोजगारीका लागी आवेदन दिन सक्ने भएको हंदा HRD संगको निकटतम समन्वयमा सामान्यत प्रत्येक वर्ष कोरियन भाषा परिक्षा (EPS TOPIK) सञ्चालनको व्यवस्था गरिन्छ । यसको लागी परीक्षामा सामेल हुल चाहनेहरुलाई दरखास्त दिनका लागी विस्तृत विवरणत खुलाई सूचना सार्वजनिक गरिन्छ । १८ वर्ष उमेर पुरा भै ३९ वर्ष ननाघेका, कुनै अपराधिक कृयाकलापमा संलग्न नभएका, फौजदारी अभियोगमा अदालतवाट दोषि प्रमााणित नभएको, कोरियामा यस अघि गैह्रकानूनी रुपमा नवसेका नेपाली नागरिकहरुले तोकिएको दरखास्त फाराम भरी दरखास्त दर्ता गर्न सक्ने व्यवस्था छ ।

**२  आवेदकले  फाराम भर्दा ध्यान दिनु पर्ने विषयहरु :**

भाषा परिक्षाको  दरखास्त फाराम भर्दा र रोजगार आवेदन  फाराम  भर्दा नाम, थर, जन्म मिति आदि विवरण फरक परेको पाइएमा त्यस्ता निवेदनहरुलाई HRD कोरियाले स्वीकृत गर्दैन र छानविन (

processing) मा राख्ने गर्दछ ।  आवेदन फाराम स्वीकृत नभै रोष्टरमा नाम समावेश हदैन । HRD कोरियाको रोष्टरमा नाम समावेश नभएसम्म कोरियामा रोजगारी कुनै संभावना रहदैन । त्यसैले भाषा परिक्षाको लागी दरखास्त फाराम भर्नु अघि नै मेशिन रिडेवल पासपोर्ट वनाउन राम्रो हुन्छ । यस्तो पासपोर्ट वनाइ सकेपछि सोही पासर्पोटमा उल्लेख भए वमोजिम शुरुमा थर, नाम , जन्ममिति -अंग्रेजी तारिखमा, र पासपोर्ट नंवर उल्लेख गनु पर्दछ । यस सम्वन्धमा कुनै द्दिविधा भएमा ई पि एस कार्यालयमा  सम्पर्क गरी सल्लाह परामर्श गर्न सकिन्छ  ।

***३ परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था :***

 परिक्षा केन्द्र काठमाण्डौं उपत्यका भित्र रहने गरेको छ ।   भाषा परिक्षा सञ्चालन तथा नतिजा प्रकाशनको नियन्त्रण निर्देशन प्रत्यक्षरुपमा HRD korea  वाट हुने र नेपालका तर्फवाट आवश्यक समन्वय , सहजीकरण र अनुगमनको कार्य गरिने व्यवस्था छ । । भाषा परिक्षामा  अनियमितता गर्नेलाई तत्काल निष्काशन गरी परीक्षा रद्द गर्ने र पक्राउ गरी कानुन वमोजिम कारवाही समेत गरिनेछ  । परीक्षार्थीले परीक्षा दिन आउंदा प्रवेशपत्र ,राहदानी  र नागरिकताको सक्कलै लिई आउनु पर्नेछ ।

**४उत्तर पुस्तीका परिक्षण तथा नतिजा प्रकाशन सम्बन्धी व्यवस्थाः**

उत्तर पुस्तीकाको परिक्षण OCR (Optical character reader )विधिवाट ( कम्प्युटर प्रविधि मार्फत ) गरिने हुदा यस प्रणालीमा भनसुन वा अन्य प्रकारवाट नतिजा प्रभावित पार्ने कुनै गुन्जायस हुदैन । भाषा परिक्षामा  उत्तिर्ण हुनेहरुको  HRD korea ले नतिजा तयार गरी प्राप्ताङ०क तालिका सहित पुर्व निर्धारित मितिमा नै कोरिया र नेपालवाट एकै पटक सार्वजनिक गरिने व्यवस्था मिलाइन्छ ।

**५  स्वस्थ्य परीक्षण सम्बन्धी व्यवस्थाः**

भाषा परिक्षा उत्तिर्ण व्यक्तिहरुले रोजगार आवेदन फर्म भर्नु अघि  तोकिएको  स्वास्थ्य संस्थामा गै स्वास्थ्य परिक्षण गराउनु पर्ने छ । हाल विभिन्न ४ वटा सरकारी स्वस्थ्य संस्थावाट स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइएको छ ।  साथै सम्पूर्ण प्रकृया पुरा गरी कोरिया प्रवेश गरेपछि कार्यस्थलमा खटाउनु पुर्व कोरियामा प’न स्वाथ्य जांच गर्ने र स्वास्थ्य जांचमा अनुत्तिर्ण भएमा तत्काल नेपाल फिर्ता पठाउने व्यवस्था गरिन्छ ।

**६  प्रहरी प्रतिवेदनः**

भाषा परिक्षा उत्तिर्ण व्यक्तिहरुले रोजगार आवेदन भर्नु अघि  तोकिएको सम्बन्धीत प्रहरी कार्यालयवाट चालचलन सम्बन्धी प्रहरी प्रतिवेदन ल्याउनु पर्ने छ ।

**७  रोजगार आवेदन फाराम दर्ता ( Job application form )**

कोरियत भाषा परिक्षा उत्तिर्ण व्यक्तिहरुल आफैं उपस्थीत भै रोजगार आवेदन फाराम भर्नु पर्ने छ । यस्तो रोजगार आवेदन फाराम भर्दा आफुले चाहेको अनुमानित मासिक ज्याला, काम गर्न चाहेको सम्बन्धीत

उपक्षेत्र र काम गर्न चाहेको कोरियाको सम्बन्धीत शहर वा प्रान्त समेतको व्यहोरा खुलाई भर्नु पर्ने छ। यस्तो फाराम साथ स्वास्थ्य परिक्षण प्रतिवेदन र प्रहरी प्रतिवेदनको सक्कलै प्रति वुझाउनु पर्नेछ भने आफ्नो नेपाली राहदानीको रंगिन प्रति र रोजगार आवेदन फाराम शुल्क वुझाएको रसिद समेत संलग्न गर्नु पर्ने छ। स्वास्थ्य परिक्षण मा सफल भएका र प्रहरी प्रतिवेदन राम्रो भएका व्यक्तिहरुले मात्र रोजगार आवेदन भर्न सक्ने छन्।

**८ रोष्टर निर्माण र स्वीकृति :**

यसरी रित पुर्वक प्राप्त सम्पूर्ण आवेदन फारामहरुलाई कम्प्युटर प्रविष्ट गरी रोष्टर तयार गरी कोरीया पठाइन्छ र कोरीयाले नेपाल वाट तयार गरिएको रोष्टरलाई आवश्यक जांचवुझ गरी रितपुर्वकका आवेदनहरु स्वीकृत गरी अन्तिम रोष्टर तयार गर्ने गर्दछ। कुनै कैफियत देखिएमा स्वीकृत नगरी फिर्ता गर्दछ। यस्ता फिर्ता भएका आवेदन फारामहरु आवश्यक प्रमाण सहित पुन कोरिया पठाइन्छ। स्वीकृत ( approve ) गर्ने वा नगर्ने सम्पूर्ण अधिकार एच आर डि कोरिया संग रहन्छ।

**९ श्रम सम्झौता::**

*एच आर डि कोरियाले स्वीकृत गरी रोष्टरमा रहेका रोजगार आवेदक मध्ये रोजगार दाताले आफुलाई उपयुक्त लागेको व्यक्ति छनौट गरी श्रम सम्झौतामा दस्तखत गरी पठाएमा सो व्यक्ति को श्रम सम्झौता - labour contract ) प्राप्त हुन्छ। यस्तो श्रम सम्झौतामा सम्बन्धीत कामदारले समेत दस्तखत गरेपछि भिसा लगायत आवश्यक प्रकृया पुरा गरी सम्बन्धीत व्यक्ति रोजगारीको लागी कोरीया जान पाउंछ।*

**१० प्रवेशाज्ञा (भिसा) को सिफारिश सम्बन्धी व्यवस्था :**

श्रम सम्झौता प्राप्त व्यक्तिहरुको भिसा प्रकृयाका लागी सिफारिश सहित कोरीयाको न्याय तथा कानून मन्त्रालयमा पठाउने र सो मन्त्रालय वाट सम्बन्धीत व्यक्तिको नाममा प्रवेशाज्ञा जारी गर्ने सुनिश्चितताको प्रमाण पत्र ( Certificate of conformation of visa issuance, CCVI ) प्राप्त हुने गर्दछ। यस्तो कागजात प्राप्त भएपछि प्रवेशाज्ञा ( VISA )का लागी नेपाल स्थित कोरियाको राजदूतावासमा सिफारिश गरिन्छ। सामान्यत एक हप्तामा राजदूतावास वाट भिसा प्राप्त हुने गर्दछ।

## ११ Pre departure/Prelimiunary Training

श्रम सम्झौता प्राप्त भएका व्यक्तिहरुलाई कोरिया उडान भन्दा अगाडि व्यवसायिक तथा सिप विकास तालिम निर्देशनालय भैंसेपाटीमा ४५ केडिट आवर को तालिम प्रदान गरिन्छ। यस तालिममा सम्बन्धीत क्षेत्रका विज्ञहरुवाट मूलत कोरियन भाषा तथा संस्कृति, कानून सम्बन्धी विषयमा प्रशिक्षण दिइन्छ साथै ई पि एस प्रक्रिया, अध्यागमन तथा यात्रा व्यवस्थापन र मनोविज्ञवाट तनाव व्यवस्थापन समेतका विषयहरुमा सैद्धान्तिक तथा व्यवहारिक विषयहरुमा प्रशिक्षण दिइन्छ।

**१२ उडान तालिका र टिकट व्यवस्थाः**

सिसिभिआई पश्चात कोरियावाट सम्बन्धीत व्यक्ति कोरिया प्रस्थान गर्नु पर्ने उडान तालिका प्राप्त हुने गर्दछ । सोही उडान तालिका वमोजिम इपिएस कार्यालयवाट सम्बन्धीत ट्राभल एजेन्सी मार्फत हवाई टिकटको व्यवस्था गर्दछ । यसरी पुर्वनिर्धारित उडान तालिका वमोजिम नै सम्बन्धीत कामदारहरुलाई दक्षिण कोरियाको सिओलस्थित इन्चन airport मार्फत कोरिया पठाइन्छ । एच आर डि कोरीयाका कर्मचारीहरुले ति कामदारहरुलाई कोरिया विमानस्थलमा रिसिभ गरी लग्ने व्यवस्था मिलाइन्छ ।

**१३ सिसिभिआई र उडान तालिका आएपछि सम्बन्धीत व्यक्तिले गनु पर्ने कार्यः**

**1) सिसिभिआई आएपछि गर्नुपर्ने कार्यः**

नेविल वैंकमा रहेको कोरियन राजदूतावासको खाता नं ०१०१०१२२०५४०१ मा भिसा दस्तुर वापत रु ६०००। जम्मा गरी सो रकम वुझाएको भौचर दुई प्रति , पासर्पोटको सक्कल, नेपाली नागरिकताको प्रमाण पत्रको सक्कल, प्रहरी प्रतिवेदनको सक्कल र दुई प्रति फोटो सहित स्वयं इपिएस कार्यालयमा उपस्थित भै तोकिएको फर्म भरी उल्लेखित कागजातहरु सहित फर्म बुझाउने ।

**2) उडान तालिका ( flight schedule ) आएका व्यक्तिहरुले देहाय वमोजिम गरी सक्कलै रसिद इपिएस कार्यालयमा वुझाउनु पर्नेछ ।**

क) **विमा गर्नेः**

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी वा प्राइम लाइफ इन्स्योरेन्स कम्पनी मध्ये कुनै एक विमा कम्पनीमा गै ५ वर्षे वैदेशिक रोजगार विमा गर्ने । यस्तो विमा गर्दा सम्बन्धीत व्यक्तिको उमेर ३५ वर्ष भन्दा कम भए रु ३५५०। र उमेर ३५ वर्ष भन्दा वढी भए रु ४९००। लाग्ने छ ।

ख) **विभिन्न वैंकमा जम्मा गर्नु पर्ने दस्तुरहरु :**

ग्लोवल आईएम ई वैंकमा इपिएस शाखाको नाममा रहेको ०१०१०१०००६३८९ नंवरको खातामा सञ्चालन खर्च वापत अमेरिकी डलर ४६ .२० वरावरको रकम वुझाउने साथै एभरेष्ट वैंकमा वैदेशिक रोजगार कल्याणकारी कोष को नाममा रहेको खाता नं ००१०११०२२००००६ मा रु १०००। जम्मा गर्ने ।

त्यसै गरी हवाई टिकट वापत अमेरिकि डलर ५४१ (एयरपोर्ट ट्याक्स समेत ) वुझाई युनिभर्सल टुर्स एण्ड ट्राभल्स प्रा ली मार्फत उडान भन्दा अघिल्लो विहिवार सम्म हवाई टिकट लिनु पर्नेछ ।

इपिएस कार्यालयवाट सार्वजनिकरुपमा तोकिएको रकम वाहेक अन्य कुनै प्रकारको रकम कहीं कतै वुझाउन नपर्ने भएकोले इपिएस मार्फत रोजगारी मिलाइ दिने, प्रक्रिया छिटो गरीदिने वा

कागजपत्र मिलाइदिने जस्ता गलत काम कारवाही गर्ने प्रलोभन दिने दलाल , व्यक्ति , संस्था वा कर्मचारीसंग विशेष चनाखो रहन र त्यस्तो कहीं कतैवाट प्रयास भए गरेमा तत्काल खवर गरी सचेत नागरिकको कर्तव्य निर्वाह गर्नु पर्नेछ ।

## १४ पासर्पोट हस्तान्तरण तथा उडान अघिको अभिमुखीकरण

उडान भन्दा अघिल्लो शनिवार भिसा लागेको पासपोर्ट हस्तान्तरण गरिन्छ र समय व्यवस्थापन , विमानस्थलमा पुरा गनु पर्ने प्रक्रिया, लगेज व्यवस्थापन , महत्वपुर्ण कागजातहरुको सुरक्षा, इपिएस कार्यालयवाट उपलव्ध गराइएको जकेट तथा टोपी लगाउनु पर्ने व्यवस्था र कोरीयामा एयरपोर्टमा कोरीयन पक्षसग समन्वय र कोरिया पुगेपछि गरिने प्रक्रिया र कामदारले पालन गर्नु पर्ने कर्तव्य समेतका वारेमा इपिएस कार्यालयका निर्देशक र अधिकारीहरुवाट अभिमुखीकरण गरिन्छ ।

## १५ सिप परीक्षा ( Skill test ) कोरीयामा रोजगारीको संभावना वढाउने एकमात्र उपायः

भाषा परीक्षामा उच्च अंक प्राप्त गर्नेहरुलाई ३०० अंकको सिप परीक्षणको व्यवस्था गरेको छ । यस परीक्षण अन्तर्गत शारिरीक परीक्षण Physical test ) , अर्न्तवार्ता ( interview) , र आधारभुत सीप परीक्षण सम्बन्धी अभ्यास गराइन्छ । यस्तो सीप परिक्षणमा समेत उत्कृष्ट स्थान प्राप्त गर्ने व्यक्तिहरुलाई उच्च प्राथमिकतासाथ कोरियामा रोजगारीका लागी रोजगारादाता समक्ष सिफारिश गर्ने प्रावधान भएकाले कोरियामा रोजगारको सम्भावना वढाउने सवैभन्दा उपयुक्त उपाय सिप परिक्षामा राम्रो गर्नु नै हो ।

## १६ CBT ( Computer based test ) र committed worker सम्बन्धी व्यवस्था

मिहेनती तथा अनुभवी पुर्वकामदारहरुलाई प्रोत्साहन गर्ने कोरीयाली सरकारको नीति भएकोले कोरिया सरकारले ३ वर्ष भन्दा वढी कोरिया वसी श्रम सम्झौता सम्पन्न भै फर्कने क्रममा alien registration card कोरियाको विमानस्थल स्थित अध्यागमनमा वुझाएर फर्केका अनुभवी र इमान्दार कामदारहरुका लागी computer based test ( CBT ) परिक्षा ) लिएर रोजगार दाताको छनोटमा नेपाल फर्केको ६ महिना पछि पुन कोरियामा रोजगारीको अवसर दिने नीति लिएको छ ।

त्यसै गरी ४ वर्ष १० महिना सम्म एउटै कम्पनीमा कम्पनी परिवर्तन नगरी काम गर्ने इमान्दार कामदारहरुलाई श्रम सम्झौताको अवधि सकि फर्कने वेला पुनः सोही कम्पनीमा अर्को श्रम सम्झौता गरी नेपाल आएको ३ महिना पछि पुनः कोरीया जान सक्ने व्यवस्था गरिएको छ । यस्तो व्यवस्था लाई Reentry system for committed worker सम्बन्धी व्यवस्था भनिन्छ ।

## १७ ई पि एस ( रोजगार अनुमति प्रणाली सम्बन्धी थाहा पाउनै पर्ने विषयः

कोरियन भाषा परीक्षा उत्तिर्ण गर्दैमा गणतन्त्र कोरीयामा रोजगारको ग्यारेन्टी हुदैन । भाषा परीक्षा पास गर्नु भनेको कोरीयामा रोजगारका लागी आवेदन गर्न योग्य हुनु मात्र हो रोजगारीको ग्यारेन्टी हैन । भाषा परीक्षा उत्तिर्ण सवैले कोरीयामा रोजगारीको अवसर प्राप्त गर्न नसक्ने र भाषा परीक्षाको म्याद दुइ वर्ष मात्र हुने र म्याद समाप्त भएपछि स्वतः रोष्टरवाट नाम हटने र रोष्टर अवधि समाप्त भै नाम हटी सकेपछि कोरीया रोजगारका क'नै संभावना हुदैन । कस्ले रोजगार अवसर पाउने वा नपाउने भन्ने सम्बन्धमा कोरीयाको अर्थतन्त्रको अवस्था र कोरीयन रोजगारदाताको छनौट नै निर्णायक हुने र अन्य कुनै कुरावाट प्रभावित नहुने हुदा भाषा परीक्षा उत्तिर्ण गरी रोष्टरमा नाम रहेका सवै व्यक्तिहरुले श्रम सम्झौता प्राप्त भै कोरीयन भिषा प्राप्त नहदासम्म आफुले गरी आएको वा गनुपर्ने काम , पेशा, व्यवसाय , अध्ययन आदि नियमित राख्नु पर्ने छ । विगतमा भाषा परीक्षा पास गरेर प्रतिक्षा सूचिमा रहेका व्यक्तिहरुले आफ्नो नियमित कार्य छाडी वस्ने गरेृको र अन्तसम्म कुर्दा समेत कोरीयामा रोजगार अवसर प्राप्त गर्न नसकि निरास वनेको पाइएकोले यस्तो अवस्था नदोहोरियोस् भन्ने तर्फ समयमै विशेष चनाखो रहनु जरुरी छ ।